# नेपाली जनप्रगतिशिल मञ्च बहराइनको प्रेस विज्ञप्ती

जब मुलुकमा भष्टचार, अत्याचार, अराजकता, दण्डीनता र अशान्तिले सिमा नाघ्यो तब सर्वहारा वर्गहरुको हकहितका लागि २०५२ फाल्गुण १ गते प्रतिक्रियावादी केन्द्रीकृत एकात्मक सामन्ती राज्यसत्ता ध्वस गर्दै नयाँ जनवादी राज्यसत्ता स्थापना गर्ने महान ध्येयका साथ बैचारिक रुपमा जनयुद्धमा होमिएर एकीकृत नेकपा माओबादी द्वारादश वर्षे सफल जनयुद्ध लड्यो । १२ बुँदे दुखी लिएर आठ बुँदे बृहत शान्ति सम्झौता लगायत २०६२ ६३ का १९ दिने जन आन्दोलन हुदै संविधान सभा निर्वाचन २०६४ द्वारा जन निर्वाचित ६०१ जन प्रतिनिधीहरु बाट २०६५ जेष्ठ १५ गते बुधबारका दिन २४० साल लामो एकतान्त्रि राजगर्दै आएका शाह वंशीय सत्तालाई परास्त गरी नयाँ गणतन्त्र नेपाल घोषणा गरियो । संविधान सभा निर्वाचनमा नेपाली जनताद्वारा गौरवशाली पार्टी एकीकृत नेकपा माओबादीलाई प्रत्यक्ष तर्फ पूर्ण बहुमत र समानुपातिक तर्फ सबै भन्दा ठुला दलका रुपमा स्थापित गराई गणतन्त्र नेपालको नयाँ संविधान निर्माण गर्ने जिम्मेवारी सहित नेपाल सरकारमा पठाइयो । संविधान लेख्ने अबधि २ वर्ष भएको तथ्य कुरा अवगत हुँदाहुदै पनि सत्ता मोह तथा कुर्सी लिप्सा प्रतिकीयाबाद तथा दक्षिण पन्थी दलहरुद्धारा आनेकानी गर्दै ४ महिना सम्म एकीकृत नेकपा माओबादीलाई सरकारको नेतृत्व गर्न बाट बञ्चित गराइयो । प्रतिकीयाबादी, सामन्तीबादी, पुंजीबादी तथा दक्षिण पन्थी दलहरु नयाँ संविधानका पक्षमा नभएका कारण जन निर्वाचित सरकारलाई घेराबन्दी गरी सरकारद्धारा अघि सारिएका जन पक्षिय कार्य नितिहरुलाई असफत तुल्याउदै प्रधान सेनापती प्रकरण सम्म आईपुग्दा उग्र रुप लिन पुग्यो ।

सरकारको मातहत भित्र रहेर कार्य गर्नु यानेकी महत्वपूर्ण भुमिका निभाउनु नेपाली सेनाको परम कर्तव्य हो । तर नेपाली सेनाका मातहतमा सरकार चलाउने प्रधानसेनापति रणनीतिलाई परास्त गर्दै एकिकृत नेकपा माओबादीको नेतृत्वको सरकारले प्रधान सेनापति रुकमाङ्गत कट्टवाललाई हटाउने निर्णय गरियो । जसको परिणम स्वारुप सुनियोजित षडयन्त्र गराजिम सेरोमोनियल राष्ट्रपति डा. राम वरण यादव द्धारा असंवैधानिक तवर बाट प्रधानसेनापतिलाई राती १२.०० बजे, सोहि पदमा रही कार्य सञ्चालनमा निरन्तरता दिनु भन्ने पत्र पठाई हस्तक्षेप भूमिका खेलेको हुँदा नेपाली जन प्रगतिशिल मञ्च बहराइन घोर भर्त्सना गर्दै खेद प्रकट गर्दछ । साथै जन निर्वाचित सरकारलाई विस्थापित गराएर हाल नयाँ नौटङ्की रचाएर बहुमतका नाममा नेपालको संविधान सभाको निर्वाचनमा दुई दुई स्थान बाट पराजित जनअनुमोदित नभएका व्यक्तिलाई गणतान्त्रिक नेपालको प्रधान मन्त्री जस्तो गरिमामय पदमा पुऱ्याएको छ । विगतमा पूर्व राजा ज्ञानेन्द्रले टिका लगाएर प्रधान मन्त्री तथा मन्त्रीहरु बनाइएका शेर बहादुर देउवा, डा. तुलसी गिरी, किर्तिनिधि विष्ट, कमल थापा, श्रीष शम्शेर राणा लगायत अन्य जस्तै हाल माधव कुमार नेपाललाई पनि बिदेशी प्रभुहरुद्धारा बनाइएका टिके प्रधान मन्त्रीका रुपमा मात्र रहेका माधव कुमार नेपाललाई करिब २५ लाख प्रवासी नेपालीहरु लगायत नेपाली जन प्रगतिशिल मञ्च बहराइनले यो जन अनुमोदित नभएको सरकारलाई पूर्णरुपमा तिरष्कार गरिने छ ।

धन्यवाद ।

अर्जुन धमला
अध्यक्ष
नेपाली जन प्रगतिशिल मञ्च, बहराइन